
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर २० गते बिहीबार ❑ 5 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## नेपाल र चीन प्राचीन ज्ञानका भूमि: प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, १९ मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल र चीन प्राचीन ज्ञानका भूमि भएको बताउनुभएको छ। चीनको औपचारिक भ्रमणमा रहनुभएका उहाँले बुधबार पेकिङ विश्वविद्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै यस क्षेत्रका महान् दार्शनिक र ऋषिका उपदेशहरूले कैयौँ पुस्तालाई प्रेरणा प्रदान गरेको उल्लेख गर्नुभयो।

"विश्वको यस भागमा थुप्रै महान् सभ्यताहरूको विकास भएको थियो, ती सभ्यताहरूको महत्व हाम्रो समाजको अडिग आधार हुन्", उहाँले भन्नुभयो, "ती सभ्यताहरू अझै पनि हाम्रो आधुनिकताका यात्रामा गुञ्जिएका छन् ।" प्रधानमन्त्री ओलीले आफूले युवा अवस्थामै पेकिङ विश्वविद्यालयबारे पढेको स्मरण गर्नुभयो। सन् १९१९ मा विश्वविद्यालयमा साम्राज्यवाद र सामन्तवाद विरोधी चौथो आन्दोलन सुरु भएको उल्लेख गर्दै उहाँले उक्त आन्दोलन आधुनिक चीनको इतिहासमा महत्वपूर्ण मोड भएको आफूले पाएको बताउनुभयो । उहाँले लोकतन्त्र र जनताको खुसीका लागि आफ्नो खोज कठिनाइ र अवरोधको सामना गर्दा आफू अझ बलियो भएको बताउनुभयो। उहाँले हाम्रा पूर्वज केवल चिन्तक मात्र नभई आविष्कारक र दूरदर्शीसमेत भएको उल्लेख गर्दै उनीहरूको योगदान एसिया मात्र नभई संसारका लागि पनि एक धरोहर भएको बताउनुभयो।




"हामीले हाम्रो हिस्साका अशान्ति र चुनौतीहरू भोगेका छौँ। हामीले अन्धकारपूर्ण चरण पनि देखेका छौँ । मानिसलाई अभाव र अत्याचारको सिकार हुँदै देखेका छौँ", उहाँले भन्नुभयो, "यसको बाबजुद पनि आशा र ज्ञानका किरण र नवप्रवर्तनको प्रकाश हाम्रो क्षेत्रमा कहिल्यै मेटिएको थिएन । आजको एसियाको उत्थान र पुनरुत्थान यस सभ्यतागत आधारमा आधारित छ ।" आज विश्वका कैयौँ देशले लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको पुनःस्थापनाको कुरा गरिरहेका छन्, तर विडम्बना धेरै विकसित राष्ट्रहरूमा पनि आजका दिनमा पनि मानिसहरू लोकतन्त्रका लागि लड्नु परिरहेको अवस्था रहेको उहाँको भनाइ थियो। "लोकतन्त्र केवल एक राजनीतिक संरचना मात्रै होइन, एक सामाजिक प्रणाली पनि हो", उहाँले भन्नुभयो, "यस्तो प्रणाली जसले प्रत्येक व्यक्तिको सम्मानको रक्षा गर्छ, असीम सम्भावनाको भावना प्रेरित गर्छ र सबैका लागि सुरक्षा र सुरक्षाको वातावरण प्रवर्द्धन गर्छ।" प्रधानमन्त्री ओलीले नेपालको राजनीतिक रूपान्तरणको यात्रा विश्व इतिहासमा एक अद्वितीय मोडलका रूपमा रहेको उल्लेख गर्नुभयो।

संसारका थुप्रै राजनीतिक सङ्घर्ष प्रायः एकल वर्गका प्रतिनिधिहरूले नेतृत्व गरे पनि नेपालको आन्दोलन सामूहिक प्रयत्नमार्फत सफल भएको उहाँको भनाइ थियो।

मार्क्सवादको दर्शनबाट प्रेरित र जननेता मदन भण्डारीको दूरदर्शी नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले जनताको बहुदलीय लोकतन्त्रको सिद्धान्तको विकास गरेको उहाँले बताउनुभयो। प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङको जनताको लोकतान्त्रिक दृष्टिकोण चीनको ऐतिहासिक परम्परा, संस्कृति, र सामाजिक-आर्थिक विकासका आधार भएको आफूले पाएको बताउनुभयो । उहाँले नेपालको संविधान समाजवाद उन्मुख रहेको जानकारी गराउँदै हाम्रो आवश्यकता र आकाङ्क्षासँग मेल खाने समाजवादको मोडेलको मजबुत आधार स्थापनाका लागि आफूहरू अगाडि बढिरहेको उल्लेख गर्नुभयो । "समाजवादलाई हाम्रो राष्ट्रिय आकाङ्क्षामा समेट्न 'समृद्ध नेपाल, खुसी नेपाली'को नाराका साथ हामी आर्थिक समानता र सामाजिक भलाइमा समर्पित छौँ", उहाँले भन्नुभयो । प्रधानमन्त्री ओलीले समग्र लोकतन्त्रको पूर्ण सम्भावनाको उपयोग गर्नका लागि 'कसैलाई पनि पछाडि नछोड्ने' उद्देश्यका साथ आफूरु अगाडि बढेको बताउनुभयो। नेपाल र चीन बुद्ध र कन्फ्युसियसको भूमि रहेको उल्लेख गर्दै उहाँले दुवै देशबीच सुमधुर सहअस्तित्व र दीर्घकालीन मित्रताको लामो इतिहास रहेको बताउनुभयो । उहाँले नेपाल एक चीन सिद्धान्तप्रति प्रतिबद्ध रहेको स्पष्ट पार्दै यसलाई सबै राजनीतिक दलहरूले समर्थन गरेको पनि बताउनुभयो । "राष्ट्रपति सी चिनफिङको दूरदर्शी पहलहरू जस्तै बेल्ट एन्ड रोड इनिसियटिभ (बिआरआई)लाई साझा समृद्धि र 'विन-विन' सहकार्यको भावनाको प्रशंसा गर्छौं", प्रधानमन्त्री ओलीले भन्नुभयो । चीनको चमत्कारिक आर्थिक विकासबाट नेपालले पनि प्रेरणा लिन सक्ने उहाँको भनाइ थियो।

## फागुन अन्तिम साता दशौं राष्ट्रिय खेलकुद हुन्छः मन्त्री चौधरी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले कर्णाली प्रदेशको सुर्खेतमा तय भएको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी फागुन महिनाको अन्तिम सातामा हुने बताउनु भएको छ।

बुधबार पोखरा रंगशालाको अवलोकन पश्चात पत्रकारसंग कुराकानी गर्दै मन्त्री चौधरीले दशैं खेलकुद फागुन महिनाको अन्तिम सातामा हुने दाबी गर्नु भएको हो । उहाँले सबै खेलकुदका संघ सस्था तथा खेलकुदकर्मीहरुलाई आफ्नो तयारीमा जुटन आग्रह गर्दै ढुक्क भयर आफ्नो तयारीमा लाग्न आग्रह गर्नु भएको छ। सुर्खेतमा हुने उक्त प्रतियोगिताको भौतिक संरचना निमार्णमा केही ढिलाई भएकोले मंसिरमा गर्न नकिएको प्रष्ट पार्दै मन्त्री चौधरीले पूर्वाधारको हिसावले केही ३/४ खेल भने पोखरामा हुन सक्ने समेत बताउनु भयो।

केही दिनमा बस्ने बोर्डको बैठकले दशौं खेलकुद प्रतियोगिताको मिति तोक्ने भएको उहाँले जनाउनु भयो । सन् २०२७ मा यू-१९ महिना वर्ल्ड कप क्रिकेट प्रतियोगिता नेपाल र बंगलादेशमा हुने भए पनि केही खेलको लागि पोखरामा संचालनको लागि पोखरा क्रिकेट मैदानमा



आवश्यक भौतिक संरचना निर्माण गर्न सरकार तयार रहेको उहाँले बताउनु भयो। पोखरामा ५ करोड बजेट अभावले गर्दा वर्ल्ड कप पोखरामा हुने नहुने अन्यौलमा भन्ने समाचारले आफु केही दिनदेखि चिन्तित भएको उल्लेख गर्दै मन्त्री चौधरीले सके यस बर्ष रकमान्तर गरेर भए पनि अन्यथा आउदो बर्षमा बजेट नै विनियोजन गरी क्रिकेट मैदानको आवश्यक पूर्वाधार निर्माण गर्ने प्रतिवद्धत्ता व्यक्त गर्नु भयो । अर्थमन्त्री र प्रधानमन्त्री समक्ष सन २०२७ को विश्व कप नेपाल र पोखरामा हुने बिषयमा आफुले राम्रोसंग बुझाउने उहाँले जनाउनु भयो।

नेपालले धेरै बर्ष देखि नतिजा नदिने खेलहरुमा पनि ठुलो लगानी गर्दै आएको दाबी गर्दै मन्त्री चौधरीले अब पदक नदिने खेललाई कम प्रथामिकता दिने आशय व्यक्त गर्नुभयो । उहाँले भन्नु भयो "कर्णालीमा खेलकुदका संरचना छैनन्, त्यहाँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी पनि पुगेको छैन् भन्ने गलत बुझाइ भएको छ, राज्यले करोडौं लगानी गरेको छ ।" खेलकुद मन्त्रालयमा कम बजेट भएकोमा मन्त्री चौधरीले आगामी बजेट खेलकुदमा बढाउने दाबी गर्नुभयो । ४ महिनामा खेलकुदको बारेमा धेरै कुरा बुझेको उल्लेख गर्दै उहाँले आगदो बर्ष देखि खेलकुदमा बजेट बढाउने बताउनु भयो । पोखरा रंगशाला अन्य रंगशाला भन्दा धेरै फरक भएको बताउदै मन्त्री चौधरीले पोखरा रंगशालामा धेरै खेलहरु हुने देशकै नमुना रंगशाला हुने दाबी गर्नुभयो । पोखरा रंगशालाको विभिन्न खेलकुदका संरचना सहित खेल मैदानहरुको बारेमा प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले जानकारी गराउनु भएको थियो । कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाको समेत सहभागिता रहेको थियो।

## प्रदेश लोकसेवा आयोगको सम्मेलनबाट नौबुँदे घोषणापत्र जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

कास्कीको पोखरामा बुधबार सम्पन्न प्रदेश लोकसेवा आयोगको चौथो सम्मेलनले नौ बुँदे घोषणापत्र पारित गरेको छ।

प्रदेश लोकसेवा आयोग, गण्डकीको आयोजनामा दुई दिनसम्म चलेको सम्मेलनले प्रदेश लोकसेवा आयोग ऐन २०७५बमोजिममापनयोग्यमानकसहितको सिद्धान्त र मापदण्ड सार्वजनिक गर्न लोकसेवा आयोगलाई अनुरोध गर्नेलगायतका विषय समेटेर घोषणापत्र जारी गरेको हो।

सम्मेलनले नेपालको संविधान, सङ्घीयताको मर्म र कर्मचारी व्यवस्थापन ऐन, २०७५ को व्यवस्थासमेतका आधारमा सङ्घीय निजामती ऐन शीघ्र जारी गर्न सरकारसमक्ष




अनुरोध गरेको छ। यस्तै समान तहको पदमा प्रतिस्पर्धामा भाग लिन नपाउने कानुनी व्यवस्था नभएका प्रदेशहरूमा आवश्यक कानुनी व्यवस्थाका लागि सम्बन्धित प्रदेश सरकार हरूलाई अनुरोध गरिएको प्रदेश लोकसेवा आयोग, गण्डकीका अध्यक्ष विष्णुप्रसाद नेपालले जानकारी दिनुभयो । प्रदेश सरकारअन्तर्गत नियुक्त भएका कर्मचारीको व्यक्तिगत विवरण (सिटरोल) दर्ता तथा अध्यावधिक गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको छ । प्रदेश लोकसेवाआयोगबाटपदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिकामा सम्भव भएसम्म एकरूपता कायम गरिने घोषणापत्रमा उल्लेख छ।

स ा त व ट ै प्रदेशका लोकसेवा आयोगका अध्यक्षहरूद्वारा हस्ताक्षरित उक्त घोषणापत्रमा निजामती सेवा ऐन २०४९ तथा स्वास्थ्य सेवा ऐन २०५३ का प्रावधान प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवासम्बन्धी कानुनमा भर्ना, सेवाका सर्त, सुरक्षा तथा अवकाशको उमेरसम्बन्धी कानुनमा दातात्म्य हुने गरी आवश्यक व्यवस्थाका लागि प्रदेश सरकारलाई अनुरोध गरिएको छ।

सम्मेलनले प्रदेश लोकसेवा आयोगहरूको पाँचौं सम्मेलन विसं २०८२ मङ्सिर १८ र १९ गते मधेस प्रदेशको राजधानी जनकपुरधाममा गर्ने निर्णय गरेको छ । सम्मेलनमा प्रदेश लोकसेवाका आयोगबीच असल अभ्यास र अनुभवको आदानप्रदानसहित आयोगको कामकारबाहीलाई थप व्यवस्थित बनाउने विषयमा छलफल भएको लोकसेवा आयोग, गण्डकी प्रदेशले जनाएको छ।

## सहारामा शुद्धिकरण सहितको पिउने पानी हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

पोखरा-९, शिवटोल बसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयमा आधुनिक प्रविधि सहितको तातो चिसो पानीको सुविधासहितको धारा हस्तान्तरण भएको छ। पोखरा ९ का समाजसेवीहरु अमर गुरुङ र अर्जुन मैनालीको संयुक्त पहलमा युभि प्रविधिसहित तातो चिसो पानि आउने धाराहरु गरि निर्माण पश्चात विद्यालयलाई हस्तान्तरण भएको थियो । कार्यक्रममा स्वागत मन्तव्यका क्रममा


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# २६ औं पोखरा सडक महोत्सवको तयारी सुरु

**पोखरापत्र संवाददाता**
कास्की, १९ मंसिर

'सडकमै खाउँ,सडकमै रमाउँ, सडकमै नाचौँ' भन्ने मूल नाराका साथ पोखरा सडक महोत्सवको आयोजना गर्दै आएको रेवान पोखरा यतिबेला २६ औं संस्करणको पोखरा सडक महोत्सव गर्ने तयारीमा जुटेको छ।

यसपटकको सडक महोत्सव सफल पार्न आयोजकले आफ्नै संस्थामा आबद्ध रेस्टुरेन्टका सञ्चालकहरूसँग सल्लाह सुझाव लिँदै महोत्सवको तयारी थालनी गरेको छ। रेवान पोखराले बुधबार संस्थामा आबद्ध सदस्य तथा पोखरा सडक महोत्सवका मुख्य प्रायोजक, सह प्रायोजक एवं सहयोगीहरूसँग अन्तरक्रियात्मक छलफल सम्पन्न गरेको हो । छलफलमा सहभागीहरूले पोखरा




सडक महोत्सव नेपालकै एक पृथक महोत्सव भएकाले यसलाई थप व्यवस्थित पारिनुपर्नेमा जोड दिए । कार्यक्रममा बोल्दै महोत्सवका संयोजक समेत रहेका रेवान पोखराका द्वितीय उपाध्यक्ष विकास भट्टराईले महोत्सवमा यसपटक हुने आकर्षणका बारेमा प्रकास पारेका थिए । उनले सडकमा विभिन्न खानाका परिकार, सांगीतिक कार्यक्रम, लेकसाइडका विभिन्न स्थानहरूमा स्टेज निर्माण, मनोरञ्जनात्मक खेलकुद कार्यक्रम लगायत रहने जानकारी गराएका थिए। त्यसैगरी महोत्सवको मुख्य स्थल कोमागाने पार्कमा मुख्य स्टेज बन्ने,त्यहीँ लाइभ ब्यान्ड सँगै विभिन्न स्टलहरू रहने बताएका थिए । रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले फिस्टेल गेटदेखि अम्मट, गौरीघाट,हल्लनेचोक गैह्राको चौतारा तथा पूर्वतर्फ जरेवरसम्म झण्डै चार किलोमिटर क्षेत्रभित्र महोत्सवको आयोजना गरिने बताए । छलफल कार्यक्रममा बोल्दै निवर्तमान अध्यक्ष नरेश भट्टराईले पोखरा सडक महोत्सवका प्रायोजकहरु गोर्खा बुअरी, वरुण बेभ्रेजको पेप्सी, खुकुरी रम लगायतले विगतदेखि गर्दै आएको सहयोगले आगामी वर्षहरूमा पनि निरन्तरता पाउने अपेक्षा प्रकट गरे । सहयोगीलाई सहयोगलेनै गुण तिर्नुपर्ने भट्टराईको भनाइ थियो । सल्लाहकार समितिका संयोजक गणेशबहादुर भट्टराईले २६ औं संस्करणसम्म आइपुग्दा पोखरा सडक महोत्सवले अन्तर्राष्ट्रिय स्तरमा पोखराको छुट्टै पहिचान बनाउन सफल भएको भन्दै यसको निरन्तरताका लागि व्यवसायिक एकता आवश्यक पर्ने बताए। संस्थाका महासचिव वीरेन्द्र शेरचनले कार्यक्रम सञ्चालन गर्दै २६ औं संस्करण सफल पार्न आम पोखरेलीहरुलाई आग्रह गरेका थिए।

# छपन्न लाखको मेसिनबाट स्याङ्जामा सुन्तला ग्रेडिङ

**पोखरापत्र संवाददाता**
वालिङ, १९ मंसिर

सुन्तला ग्रेडिङका लागि प्रविधिको प्रयोगले सहज भएको छ । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकस्थित त्रिपुत्र बागवानी फार्मले सुन्तलाको ग्रेडिङ थालेसँगै सहज भएको हो ।

नेपालमा पहिलोपटक २०७५ सालदेखि सुन्तलाको ग्रेडिङ मेसिन जडान गरी काम सुरु भएसँगै सहज भएको बागवानी सञ्चालक एवं अगुवा किसान फणिनारायण अर्यालले बताउनुभयो । पोष्ट हार्भेष्ट निर्देशनालय काठमाडौं र बागवानी फार्मबीच सम्झौता भएर ८५ प्रतिशत अनुदानमा रु ५६ लाख लागतमा भारतबाट मेसिन ल्याई जडान गरिएको हो । "निर्देशनालयको ८५ प्रतिशत अनुदान र फार्मको १५ प्रतिशत लागत साझेदारीमा सुन्तलाका क्षेत्रमा ग्रेडिङ प्रविधि नेपालमा पहिलोपटक भित्रिएको हो", उहाँले भन्नुभयो, "मेसिन जडान भएसँगै सुन्तलाको ग्रेडिङ तथा सफा गर्न सहज भएको छ ।" प्रतिघण्टा पाँच टनसम्म सुन्तला ग्रेडिङ गर्ने क्षमताको



मेसिनले फोहरमैला, कालो टीका सफा गर्ने सञ्चालक अर्यालले बताउनुभयो । सञ्चालक अर्यालले बगैंचामा उत्पादन भएका सुन्तला तथा अन्य किसानबाट खरिद गरेका सुन्तला मेसिनमार्फत ग्रेडिङ गरी बजार पठाउँदै आउनुभएको छ। "मेसिनबाट विभिन्न आठवटा आकारमा सुन्तलाको वर्गीकरण गर्दै आएका छौँ", उहाँले भन्नुभयो, "मान्छे लगाएर काम गर्दा झण्झटिलो, धेरै कामदार लाग्ने, दाग लाग्ने, थिच्चिनेजस्ता समस्या हुन्थ्यो, मेसिनको प्रयोगले सहज भएको छ।"

आठवटा आकारमा सुन्तला ग्रेडिङ गरेर छुट्याइए पनि बजार मागका आधारमा चारवटा आकारमा पठाउने गरिएको उहाँले बताउनुभयो । साना सुन्तलाको प्रतिकेजी न्यूनतम मूल्य रु २५ देखि ठूला सुन्तलाका मूल्य रु ९० मा अहिले फार्मबाट बिक्री हुने गरेको छ।

फार्मले सुन्तलाको बजारीकरणका लागि भाटभटेनी सुपर मार्केटका सञ्चालकसँग सम्झौतागरेकोछ।उक्तकम्पनीसँग गत वर्षदेखि ५० टन सुन्तला उपलब्ध गराउनेगरी सम्झौता भएको उहाँले बताउनुभयो ।

# पोखरामा १८ औं प्याब्सन स्पोर्ट्स मिट सुरु

**पोखरापत्र संवाददाता**
कास्की, १९ मंसिर

पोखरामा १८ औं सस्करणको प्याब्सन स्पोर्टस मिट २०८१ सुरु भएको छ । पोखरा रंगशालामा सुरु भएको उक्त प्रतियोगिताको पहिलो दिन एथलेटिक्स छात्रा सिनियर कक्षा ११-१२ तर्फ ८०० मिटर दौडमा प्रतिभा माविकी मेनुका अधिकारीले २ मिनेट ५१.३६ सेकेण्डमा दुरी पार गर्दै स्वर्ण पदक जितिन् ।

टप्स माविकी सविना खातुन मियाँले ३ मिनेट ८.६४ सेकेण्डमा उक्त दुरी पार गरी दोस्रो र डायमण्डकी सुष्मा सापकोटाले ३ मिनेट २१.५२ सेकेण्डमा उक्त दुरी पार गरी तेस्रो भएकी छन् ।

यस्तै छात्र सिनियर कक्षा ११-१२ तर्फ १५०० मिटर दौडमा ४ मिनेट ५७.१७ मिनेटको समय खर्चिर्दै बालप्रभात माविका सन्तोष सुवेदी पहिलो भए भने प्रतिभा माविका अजय तामाङले ४ मिनेट ५७.५९ सेकेण्डको समय लिँदै दोस्रो र करुणानिधिका युनिक परियार ४ मिनेट ५८.६७ सेकेण्डको समयमा दुरी पार गरी तेस्रो भए।

स्पोर्टस् मिटमा कक्षा १ देखि १० सम्मका विद्यार्थीबीच विभिन्न




खेलमा प्रतिस्पर्धा सुरु भएको छ । प्रतियोगितामा छात्र-छात्रा सिनियर फुटबल, छात्र जुनियर फुटबल, छात्र-छात्रा भलिबल, छात्र-छात्रा ह्याण्डबल, छात्र-छात्रा टेबलटेनिस र एथलेटिक्सका खेल हुदैछन् । यस्तै कक्षा ११ र १२ का विद्यार्थीबीच छात्र-छात्रा भलिबल, छात्र-छात्रा बास्केटबल, छात्र-छात्रा एथलेटिक्सका खेलहरु ५ दिनसम्म सञ्चालन हुनेछन् । प्रतियोगितामा प्याब्सन कास्कीका ९९ विद्यालय मध्ये ८८ विद्यालयहरुको सहभागिता रहेको छ । करिब ४५ लाख रुपैयाँ खर्च लाग्ने प्रतियोगितामा ८ हजार खेलाडीहरुको सहभागिता रहेको छ । यसैबिच, उक्त स्पोर्ट्स मिटको उद्घाटन गर्दै नेपाल सरकारका युवा तथा खेलकुद मनत्री तेजुलाल चौधरीले खेलकुदको आधार बिद्यालय भएकोले यस्ता प्रतियोगितालाई निरन्तर रुपमा संचालन गर्न सुझाव दिए । नेपालको खेलकुदमा गण्डकी प्रदेशका खेलाडीहरुको अहम भूमिका रहेको बताउँदै मन्त्री चौधरीले भने-"उद्योगी तथा व्यवासायीहरु संग सामाजिक उत्तरदायित्व अन्तर्गत तथा प्रदेश र स्थानिय तहका सरकारहरु संग मिलेर हामी खेलकुदको विकासको गतिलाई अघि बढाउने संगै पूर्वाधार विकासलाई समेत उत्तिकै महत्व दिएर अघि बढ्ने छौं ।" कास्की प्याब्सनले नेपाली खेलकुदमा खेलाडी उत्पादनमा अहम भूमिका खेलेको दाबी गर्दै आफ्ना विद्यार्थीहरुलाई राष्ट्रियता, अनुशासन, मेहनत र लगनशिलतालाई समेत आत्मसात गराउनु पर्ने मन्त्री चौधरीको जोड थियो । नेपाली खेलकुदको विकासका लागि निजी क्षेत्रको सहभागिताले खेलकुद विकासको गति लिएको बताउँदै शिक्षाको क्षेत्रले सवल नागरिक उत्पादनमा मात्रै नभई राष्ट्रका लागि समेत खेलाडी उत्पादनमा समेत ध्यान दिन आग्रह गरे ।

मंसिर २३ गते सम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन समारोहमा मन्त्री चौधरीले प्याब्सनको खेलकुदमा लामो समयदेखि योगदान पुऱ्याएकोमा शिक्षा सेवी कर्ण गुरुङलाई सम्मान गरेका थिए। प्याब्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेलको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्याब्सनका केन्द्रिय अध्यक्ष डिके ढुङ्गान, १८ औं प्याब्सन स्पोर्टस मिटका संयोजक उमा लामिछाने, सचिब पुष्पराज पराजुलीले खेलकुदको बारेमा चर्चा गरेका थिए।

# युवा लक्षित कार्यक्रम सरकारको प्राथमिकतामा: मन्त्री चौधरी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

युवा तथा खेलकुद मन्त्री एवम् नेपाली काँग्रेसका नेता तेजुलाल चौधरीले युवा लक्षित कार्यक्रमहरू सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

नेपाली काँग्रेस गण्डकी प्रदेश समितिद्वारा पोखरामा आयोजित भेटघाट कार्यक्रममा उहाँले देशका सातवटै प्रदेशमा युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने तयारीमा सरकार लागेको बताउनुभयो। साना साना रोजगारी सिर्जनाका लागि युवालाई ऋण सहयोग गर्ने जस्ता कार्यक्रमहरू अघि सारिएको बताउँदै उहाँले त्यसबाट अधिकतम युवाहरू लाभान्वित हुनसक्ने विश्वास व्यक्त गर्नुभयो । नेपाल स्काउट मार्फत प्रत्येक पालिकामा पुग्ने उल्लेख गर्दै उहाँले उक्त कार्यक्रममा तालिमका



माध्यमबाट युवाहरूको क्षमता अभिबृद्धि हुने धारणा राख्नुभयो। पोखरामा खेलप्रेमीहरूको राम्रो उत्साह देखिएको बताउँदै मन्त्री चौधरीले यहाँको पूर्वाधार विकास लगायतमा सक्दो सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । उपनिर्वाचनमा देखिएको नतिजा काँग्रेसका लागि सन्तोषजनक रहेको बताउँदै उहाँले एकतावद्ध रुपमा पार्टी संगठनलाई कृयाशिल बनाउनुपर्नेमा जोड दिनुभयो । निर्वाचनमा जसले टिकट पाए पनि उसलाई सबै मिलेर सहयोग गर्ने वातावरण तयार गर्नुपर्ने उहाँले बताउयनुभयो । नेपाली काँग्रेस गण्डकी प्रदेश समिति सदस्य एबम प्रचारप्रसार विभागका उपप्रमुख शिरोमणि बरालको सभापतित्वमा भएको कार्यक्रम बिभागका सदस्य पदम श्रेष्ठले कार्यक्रम सचालन गरेको उक्त कार्यक्रममा पार्टीका प्रदेश तथा जिल्लास्तरका नेता तथा कार्यकर्ताको सहभागिता थियो।

# सहारामा ...

विद्यालयका प्रधानाध्यापक लोचना अधिकारीले कुल ३ ओटा धाराहरुमार्फत विद्यार्थीहरुले सुविधा लिन सक्ने धाराहरु बनाई पानी जस्तो पुनित कार्यमा विद्यालयलाई माया मानेर हस्तान्तरण गर्नुहुने दाताहरुलाई धन्यवाद व्यक्त गरेकी थिइन् ।

कार्यक्रममा वोल्दै वरिष्ठ पत्रकार एवम् सिद्द सेतुली प्रतिष्ठान कास्कीका अध्यक्ष दिपेन्द्र श्रेष्ठले दाताहरुलाई धन्यवाद दिदै विद्यालयलाई स्थापित गराउन विद्यार्थी, शिक्षक र संरचना मात्र नभई आफ्नै जग्गा हुनुपर्ने मा जनप्रतिनिधी र प्रमुख अतिथिको ध्यानकर्षण गराउदै बसपार्क व्यवस्थापन पश्चात विद्यालयको भविष्य कतातर्फ जाला भन्ने वारेमा पनि चासो व्यक्त गरेका थिए।

सोहि क्रममा पोखरा मनपा वडा नं ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले दाताहरुलाई धन्यवाद व्यक्त गर्दै विद्यालयको




उत्तरदायीत्व वडाले वहन गर्ने प्रतिवद्दता व्यक्त गरे । बालबालिकाहरुको मौलिक हक अन्तरगत पर्ने शिक्षा हाँसिल गर्न उपयुक्त वातावरण सिर्जनाका निमित्त गुणस्तरीय पिउने पानीको पनि महत्वपूर्ण भूमिका रहने समेत धारणा राखे। कार्यक्रमका प्रमुख अतिथि पोखरा मनपा शिक्षा महाशाखाका प्रमुख हेम प्रसाद आचार्यले सरकारले निःशुल्क शिक्षाको अवधारणा ल्याएपनि कार्यन्वयनमा चुकेको धरणा राखे। पोखरा मनपा भित्र रहेका जम्मा ५ ओटा आधारभूत विद्यालयहरु मात्रै १५० भन्दा धेरै विद्यार्थी रहेको मध्य सहारा पनि १ रहेको तर दरवन्दी व्यवस्थापन गरि विद्यालयलाई प्रदान गर्ने नसकेकोमा दुःख व्यक्त गरे।

विभिन्न अभावका बावजुत पनि विद्यालयले शैक्षिक, भौतिक रुपमा क्रमश उचाई हाँसिल गरिरहेकोमा स्थानीय तह वि.व्य.स, प्रधानाध्यापक, शिक्षकहरु, अभिभावक, लगाएत सम्पूर्ण विद्यालय परिवारलाई कृतज्ञता व्यक्त गरे। कार्यक्रमको समापनका क्रममा विद्यालयका व्यवस्थापन समिति अध्यक्ष बिक्रम थकालीले विपन्न तथा अव्यवस्थित वस्तिका करिव २६० अध्ययन गर्ने विद्यार्थीहरुलाई लक्षित गरि कार्यक्रम विद्यालयमा ल्याउनुभएकोमा दाताहरु द्वय अमर गुरुङ र अर्जुन मैनालीलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा पनि सहयोगी मनहरुको चासो र सक्रियताले विद्यालयको भौतिक र शैक्षिक गुणस्तरलाई फड्को मार्न सकिने विश्वास व्यक्त गरे।

कार्यक्रममा उपस्थीत प्रमुख अतिथि, विशेष अतिथी, जनप्रतिनिधि, सहारा क्लबका पूर्व अध्यक्ष, सहारा क्लबका मानर्थ सदस्य, सहारा क्लब र सहारा युकेका कार्यसमिति पदाधिकारी शिक्षा प्रेमी, विभिन्न संघ सस्थाका अध्यक्ष एवम् पदाधिकारी, शिक्षक, अभिभावक विद्यार्थीहरुको उल्लेख्य उपस्थितिले कार्यक्रम सफल भएकोमा सवैप्रति धन्यवाद व्यक्त गरे।

# पोखराको भण्डारढिकमा आदर्श कप फुटबल प्रतियोगिता शनिबारदेखि सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

पोखराको भण्डारढिकमा आउँदो शनिबार देखि २५ औं सस्करणको आदर्श कप फुटवल प्रतियोगिता २०८१ सुरु हुने भएको छ। शनिबार हुने उद्घाटन खेलमा आयोजकः आर्दश युवा क्लव र एन्फा तनहुँ बिच हुने तयारी गरिएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

कोडिभले प्रभावित भई ६ बर्ष पछि हुन लागेको उक्त प्रतियोगितामा तीन विभागि सहित ८ टिमको सहभागिता रहेको क्लवका अध्यक्ष पदम गुरुङले बताउनु भयो । प्रतियोगिताको विजेतालाई नगद ४ लाख २५ हजार ५ सय २५ रुपैया र उपविजेतालाई २ लाख २५ हजार ५ सय २५ रुपैया र मेडल प्रदान गरिने भएको छ। प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई २५ हजार, त्यसै गरी विभिन्न विधागत सर्वाधिक गोलकर्ता, उत्कृष्ट स्टाइकर, उत्कृष्ट फरवार्ड, उत्कृष्ट मिड फिल्डर, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट प्रशिक्षकलाई जनही १५ हजार नगद सहित ट्रफी र प्रमाणपत्र वितरण गरिने भएको छ ।प्रतियोगितामा खेल अवलोकन गरेको अन्य दिनमा १ सय फाइनल खेलमा प्रति दर्शक १ सय ५० रुपैया शुल्क तोकिएको पूर्व अध्यक्ष विजय गुरुङले बताउनु भयो । प्रत्येक टिकटमा एनसेलको सिमकार्ड निःशुल्क उपलब्ध गराइने भएको छ भने हरेक टिकट खरिद गर्दा यार्साटिक प्रा.लि.ले बिक्रि गर्ने सामानमा ३ सय नदग छुट दिने भएको छ। प्रत्येक टिकट बिक्रिको १५ रुपैया क्लवले लेखनाथ पत्रकार मञ्चलाई प्रोत्साहन स्वरुप सहयोग गर्ने भएको छ। ८ दिन चल्ने प्रतियोगितामा ५० लाख रुपैया खर्च हुने अनुमान गरिएको क्लवले जनाएको छ। क्लवले सार्वजनिक गरेको खेल तालिका अनुसार आइतबार दोस्रो खेल नेपाल आर्मीको सिद्धिदल गण र सशस्त्र प्रहरी बल गण्डकी मुख्यालय बीच हुने भएको हो । मंसिर २४ गते भने कास्की ११ र एन्फा स्याङ्जा बीच खेल हुने भएको छ भने अर्को खेल म्रसिर २५ गते नेपाली प्रहरी गण्डकी प्रदेश र एन्फा गोर्खा बिच खेल हुने भएको हो। मंसिर २६ गते पहिलो सेमिफाइनल र २७ गते दोस्रो सेमिफाइनल खेल हुने भएको छ भने मंसिर २९ गते फाइनल खेल हुने भएको हो । नेपाल पर्यटन बोर्डले प्रतियोगितालाई प्रबर्द्धन गर्ने भएको सचिव सन्तोष गुरुङले जनाउनु भयो । प्रतियोगितालाई सफल पार्न पोखरा वडा नं २९ को कार्यालयले संरक्षक रहेको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

**सम्पादकीय**

# छिमेकीले गर्ने सहयोग

नेपालले विदेशी पर्यटकलाई नेपालमा भित्र्याउन सनन २०२० लाई भ्रमण वर्ष घोषणा गरेको थियो । कोभिडका कारण सबै सपना भताभुङ भयो । नेपालले पर्यटन क्षेत्रमा लय लिन लागेका बेला कोभिडले पुऱ्याएको क्षतिपूर्तिका लागि फेरि सन २०२५ लाई भ्रमण वर्ष मनाइने भएको छ। भ्रमण वर्ष सफल पार्न पर्यटकलाई आकर्षित गर्नुपर्छ। विदेशी पर्यटनलाई नेपालमा आकर्षित गर्न प्याकेज सहितका योजना कार्यान्वयन गर्न दृढ ईच्छाशक्ति चाहिन्छ। पछिल्ला वर्ष चिनियाँ पर्यटकीको लागि सहुलियत दिने वातावरण पनि एक हुनुपर्ने खाँचो छ। नेपाल भ्रमण वर्षलाई सफल पार्न छिमेकी देशले बढी सघाउन सक्छन। सम्बन्ध थप सुदृढ बनाउने क्रममा चीनले नेपाल भ्रमण वर्ष २०२५ को सफलताका लागि हरसम्भव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा गरिएको द्विपक्षीय वार्तामा चीनले नेपालको पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने घोषणा गरेको हो। द्विपक्षीय वार्तापछि जारी गरिएको संयुक्त वक्तव्यमा नेपाल भ्रमण वर्ष २०२५ लाई सफल बनाउन चीनले सहयोग गर्ने उल्लेख छ। चीनले नेपालको सांस्कृतिक र प्राकृतिक सम्पदालाई चिनियाँ पर्यटकबीच लोकप्रिय बनाउँदै नेपाल भ्रमणलाई आकर्षक गन्तव्यको रूपमा प्रस्तुत गर्ने लक्ष्य राखेको छ।

द्विपक्षीय सहमतिअनुसार, चीनले नेपाल भ्रमणका लागि प्रोत्साहनात्मक प्याकेजहरू विकास गर्ने, चिनियाँ सञ्चारमाध्यमहरू मार्फत प्रचार-प्रसार गर्ने र पर्यटन पूर्वाधार विकासमा सहयोग पुऱ्याउने योजना बनाएको छ। वार्ताका क्रममा, चीनले दुई देशबीचको हवाई सम्पर्कलाई थप सुदृढ बनाउने र पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न दुईपक्षीय समझदारीलाई गहन बनाउने प्रतिवद्धता जनाएको छ। नेपालले पनि चीनसँग आफ्नो पर्यटन बजार विस्तार गर्ने र चिनियाँ पर्यटकहरूलाई थप सहजता प्रदान गर्ने योजनाबारे जानकारी गराएको छ। प्रधानमन्त्री ओलीले चीनले देखाएको चासो र सहयोगका लागि धन्यवाद व्यक्त गर्दै भ्रमण वर्ष २०२५ को सफलतामा चीनले सघाउने जानकारी दिएको छ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# एसिया कपमा सहभागी नेपाली टोली स्वदेश फर्कियो

**काठमाडौं**
रासस, १९ मंसिर

एसियन क्रिकेट काउन्सिल (एसिसी) को आयोजनामा संयुक्त अरब इमिरेट्स (युएई) मा जारी पुरुष यु-१९ एसिया कप-२०२४ सहभागी भई नेपाली टोली स्वदेश फर्किएको छ।

पुरुष यु-१९ एसिया कपका खेलहरू खेलेर नेपाली टोली बुधबार साँझ स्वदेश फर्किएको हो । एसिया कपमा तीन खेल खेलेको नेपाली टोलीले एक खेलमा जित हासिल गरेको थियो। नेपालले मङ्गलबार अफगानिस्तानलाई भने एक विकेटले पराजित गर्दै सान्त्वना जित निकालेको थियो।

नेपालले पहिलो खेलमा श्रीलङ्कासँग ५५ रन र दोस्रो खेलमा बङ्गलादेशसँग ५ विकेटले पराजित हुँदै एसिया कपबाट बाहिरिएको हो । हेमन्त धामीको कप्तानीमा १५ सदस्यीय टोली युएई गएको थियो । जसको उप-कप्तानमा अर्जुन कुमाल थिए। टोलीमा आकाश त्रिपाठी, उत्तम थापा, मयन यादव, नरेन साउद, युनिसविक्रम सिंह ठकुरी, नरेन भट्ट, सन्तोष यादव, युवराज खत्री, रोशन विश्वकर्मा, विपिनकुमार महतो, अपराजित पौडेल, अभिषेक तिवारी र रञ्जित कुमार रहेका थिए।

# बाह्र दिनदेखि बेपत्ता पर्वतका वृद्ध मृत फेला

**पोखरापत्र संवाददाता**
पर्वत, १९ मंसिर

बाह्र १२ दिनदेखि बेपत्ता रहेका कुश्माका एक वृद्ध आज बिहान मृत अवस्थामा फेला परेका छन्।

जिल्लाको कुश्मा नगरपालिका-४ जिरो किमीका ७६ वर्षीय पदमबहादुर विक मोदी गाउँपालिका-३ देउरालीको घैटे जङ्गलमा मृत अवस्थामा भेटिएका हुन्। विक गत मङ्सिर ८ गते दिउँसो १ बजेदेखि सम्पर्कविहीन भएका थिए। मोदी-१ ताङ्लेमा रहेका आफन्तको घरबाट कुश्मास्थित घर जान्छु भन्दै हिँडेका उहाँ एकाएक सम्पर्कविहीन बनेका थिए।

परिवारजन,आफन्तरप्रहरीले सोही दिनदेखि खोजतलास गरे पनि विक भेटिएका थिएनन् । मृतक वृद्धको शव परीक्षणका लागि जिल्ला अस्पताल पर्वतमा राखिएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी निरीक्षक रामप्रसाद सापकोटाले जानकारी दिनुभयो । घटनाको थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

# बेनी-पाखापानी-घतान सडक स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ मंसिर

बेनी नगरपालिका र रघुगङ्गा गाउँपालिकाका बस्तीलाई सदरमुकामसँग जोड्ने बेनी-पाखापानी सडकअन्तर्गत बेनी नगरपालिका-९ घतानमा सडक स्तरोन्नति प्रारम्भ भएको छ।

किराखोर- नेप्टेचौर-तोरीपानी खण्ड स्तरोन्नतिसहित कालोपत्र गर्न पूर्वाधार विकास कार्यालयसँग रु १० करोड १६ लाख एक हजार तीन सय ६४ मा मङ्गलादेवी सुवास कन्ट्रक्सनले सम्झौता गरेको हो । निर्माण कम्पनीले चार किलोमिटर खण्ड कालोपत्र गर्न पहिलो चरणमा धमाधम सडक विस्तार गरिरहेको छ।

मौजुदा तीन दशमलव पाँच मिटर चौडा सडकलाई सात मिटर फराकिलो बनाएर कालोपत्र गरिने छ। यो सडक बेनी नगरपालिकाको ९, १०, रघुगङ्गा गाउँपाकिलाको ५, ६ र ८ नम्बर वडाका बासिन्दाको आवागमनको प्रमुख माध्यम हो । प्रदेश सरकार र बेनी नगरपालिकाको खर्चमा यसअघि बेनी- किराखोर छ किलोमिटर खण्ड कालोपत्र भइसकेको छ।

चालु आर्थिक वर्षमा बेनी नगरपालिकाबाट विनियोजन भएको रु तीन करोड सडकको प्रवेशविन्दुमा पहिरो नियन्त्रण र गलेश्वर मावि अगाडिको खण्डमा स्तरोन्नति गरिने नगरप्रमुख सुरत केसीले बताउनुभयो । प्रदेश सरकारमार्फत रु ६८ करोड लागतमा बेनी-पाखापानीसहित जिल्लाका सातवटा सडक स्तरोन्नति र मोटरकार पनि चलाउन मिल्ने दुईवटा पुल निर्माण सुरु भएको छ । ती आयोजना कार्यान्वयनका लागि विभिन्न निर्माण कम्पनीसँग रु ६७ करोड ७८ लाखमा सम्झौता भएको पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णु पौडेलले बताउनुभयो।

# बन्दीपुरको चन्द्रकोट गढीलाई प्रवर्द्धन गरिँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ मंसिर

जिल्लाको बन्दीपुर गाउँपालिका-५ स्थित ऐतिहासिकस्थल चन्द्रकोट गढीलाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्न लागिएको छ। गाउँपालिकाले गढीलाई पर्यटन प्रवर्द्धन गर्ने, भ्रमण वर्ष २०२५ मा 'रुट लिङ्क' गर्ने, आगामी पुस ७ गाउँसभा बैठक बस्ने, डुम्रे चिसोपानी र बन्दीपुरमा ' आउटडोर जिम' का सामान राख्नेलगायत काम थालेको हो।

बन्दीपुर गाउँपालिकाको चन्द्रगढीमा बसेको सातौँ कार्यपालिका बैठकले उक्त निर्णय गरेको गाउँपालिकाका प्रवक्तासमेत रहनुभएका वडा नं १ का वडाध्यक्ष शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो । बन्दीपुर बजारबाट पूर्वतर्फ पर्ने बाहुनभञ्ज्याङ हुँदै खानीगाउँसम्म सवारीसाधनमा पुगी त्यसपछि २० मिनेट पैदल हिँडेपछि चन्द्रकोट पुग्न सकिन्छ। साथै पृथ्वीराजमार्गको वडा नं ५ स्थित याम्पाबाट थुम्का कोरिखा, बाहुनभञ्ज्याङ हुँदै चन्द्रकोटगढीमा पुग्न सकिन्छ । पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा चन्द्रकोट पर्न थालेपछि यसको महत्व बढ्दै गएको छ। इतिहासको अनुसन्धान एवं अध्ययन गर्नेहरूका लागि चन्द्रकोट विशेष महत्वको स्थान भएकाले यहाँको प्रचारप्रसार गरी संरक्षण र प्रवर्द्धनमा स्थानीय निकाय जुटेको गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो । पर्यटकीय गन्तव्यका रूपमा विस्तार गर्नका लागि गाउँ कार्यपालिका बैठक आयोजना गरी यस ठाउँको विकास गर्न योजना बनाइएको उहाँले उल्लेख गर्नुभयो। बैठकले आर्थिक वर्ष २०८०/८१ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन आन्तरिक लेखापरीक्षक श्रीराम पौडेलले गाउँपालिका अध्यक्ष थापा र प्रमुख प्रशासकीय अधिकृत यादवराज आचार्यलाई हस्तान्तरण गर्नुभएको थियो। गाउँपालिकाको पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसारका लागि यसअघि पनि सिद्धगुफामा कार्यपालिका बैठक बसेको थियो।

**तीस घरधुरीमा खानेपानी**

त्यसैगरी, बन्दीपुर-६ हुस्लाङ माझथरमा 'एक घर एक धारा' योजनाअनुरुप तीस घरमा खनेपानीका धारा जडान गरी पानी वितरण गरिएको छ । स्थानीय माझथर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थामार्फत रु १० लाखको लागतमा खानेपानीका धारा निर्माण गरिएको हो । प्रत्येक घरमा खानेपानीका धारा जडानपश्चात् स्थानीयले स्वच्छ पानी पाएका छन्भने दैनिकी सहज बनेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "आफ्नो कार्यकालमा बन्दीपुरका सबै घरमा खानेपानीको धारा पुऱ्याउने गरी काम भइरहेको छ।"

# बिबिसी एक सय प्रभावशाली महिलाको सूचीमा सिलसिला

**राम थापा**
गण्डकी, १९ मंसिर/रासस



पर्यावरण अभियन्ता सिलसिला आचार्यका लागि त्यो खबर अप्रत्याशित थियो, जतिबेला उहाँले सन् २०२४ का लागि आफू बिबिसीको एक सय प्रेरक र प्रभावशाली महिलाको सूचीमा पर्न लागेको जानकारी पाउनुभयो । बिबिसीले उक्त सूची मङ्गलबार सार्वजनिक गरे पनि सोबारे एक महिनाअघि नै आचार्यलाई सूचित गरेको थियो।

नोबेल पुरस्कार विजेतासहित विश्वभरका एक सय प्रभावकारी महिलाको सूचीमा परेपछि आचार्यलाई यतिबेला बधाई थाप्न भ्याइनभ्याइ छ। रासससँग कुराकानी गर्दै उहाँले भन्नुभयो, "मेलै प्रकृति र वातावरणको मुद्दामा निरन्तर गरिरहेको कामलाई समाजले 'रिकोग्नाइज' गर्दा यस क्षेत्रमा अझै दृढ भएर लाग्न हौँसला मिलेको छ।"

बागलुङकी आचार्यलाई नेपालमा प्लास्टिकको पुनः प्रयोगसम्बन्धी 'अभनी भेन्चर्स' नामको संस्था चलाएर सीमान्त समुदायका व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिएको बिबिसीले उल्लेख गरेको छ । बिबिसीले विश्वभरबाट विभिन्न क्षेत्रमा उल्लेखनीय काम गरिरहेका एक सय प्रेरक र प्रभावशाली महिलाको सूची मङ्गलबार सार्वजनिक गरेको थियो । "यसबाट नेपालले झेलिरहेको वातावरणीय समस्याको पहिचान र उजागर गर्न थप मद्दत पुग्नेछ", उहाँले भन्नुभयो, "मानिसको कम प्राथमिकतामा परिरहेको वातावरणको मुद्दामा संवेदनशील हुन सम्बद्ध सबै पक्षलाई प्रेरित गरेको छ।" कठिन परिस्थितिमा पनि विचलित नभई पर्यावरणको क्षेत्रमा आफूले गरेको कामको सम्मान भएकामा उहाँले खुसी व्यक्त गर्नुभयो । "यो उपलब्धि नेपालकै लागि गौरवको विषय हो, नेपालको पर्यावरणीय मुद्दालाई विश्वमञ्चमा स्थापित गर्न यसले सघाउ पुऱ्याउनेछ", आचार्यले भन्नुभयो, "वातावरण संरक्षणका क्षेत्रमा नीतिगत सुधार गर्न सरकारलाई पनि सकारात्मक दबाब पुगेको छ।"

चिकित्सा विषय अध्ययनका लागि छात्रवृत्तिमा नाम निक्ले पनि आचार्यले पछि वातावरण विज्ञान रोज्नुभएको थियो।काठमाडौँविश्वविद्यालयमा वातावरण विज्ञानमा स्नातकसम्म पढ्नुभएकी आचार्यले नर्वेबाट ' बायो-डाइभर्सिटी इन्भाइरोमेन्ट साइन्स'मा स्नातकोत्तर गर्नुभएको थियो । स्नातकोत्तर अध्ययनका लागि उहाँले नेपाल र नर्वेजियन सरकारबाट छात्रवृत्ति पाउनुभएको थियो । स्नातकोत्तर सकेर नेपाल फर्केपछि उहाँले फोहरमैला व्यवस्थापनमा काम सुरु गर्नुभएको थियो । प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्न आचार्यले सन् २०१४ मा ' धन्यवाद ! म आफै झोला बोक्छु' अभियानको नेतृत्व गर्नुभएको थियो । पर्यावरण अभियन्ताका रूपमा उहाँले नेपालका धेरै ठाउँमा काम गरिसक्नुभएको छ।

आचार्यले केही वर्षअघि स्थापना गर्नुभएको 'अभनी भेन्चर्स'ले महिला र सिमान्तकृत समुदायका व्यक्तिलाई रोजगारी दिँदै आएको छ । फोहरको पुनःप्रयोगमार्फत उद्यमशीलता र दिगो विकासमा काम गर्दै आउनुभएकी आचार्यले जलवायु परिवर्तनको असर न्यूनीकरणमा नीतिगत तहमै रहेर काम गर्ने लक्ष्य रहेको सुनाउनुभयो । "फोहरमैला व्यवस्थापनमा स्थानीय तहहरूसँग मिलेर नमूनायोग्न काम गर्ने योजना छ", उहाँले भन्नुभयो, "पर्यावरण उद्यममार्फत महिला र सिमान्तकृत समुदायलाई आयआर्जनसँग जोड्ने अभियान पनि निरन्तर चलिरहन्छ।"

उहाँले फोहरमुक्त समाज र देश निर्माणको अभियानमा जोडिन सबैलाई आग्रह गर्नुभयो। हरेक घरबाटै फोहर व्यवस्थापनको काम सुरु गर्नुपर्ने भन्दै पर्यावरण जोगाउन सबैले हातेमालो गर्नुपर्ने आचार्यको भनाइ छ। उहाँ 'अभ्नी भेन्जर्स'को सह-संस्थापक र निर्देशक हुनुहुन्छ । पर्यावरण उद्यमी आचार्य हिमालहरूलाई प्रदूषणमुक्त बनाउने अभियानमा समेत सक्रिय रहँदै आउनुभएको छ । आगामी दिनमा हिमाल र पानीका स्रोत संरक्षणको मुद्दामा केन्द्रित भएर काम गर्ने सोच बनाएको उहाँको भनाइ छ।

आचार्यले आरोहीहरूले हिमालमा छाडेको फोहर सङ्कलन गरी त्यसको प्रशोधनमार्फत विभिन्न सामग्रीहरू उत्पादन गरी आदिवासी महिलालाई उद्यमशीलतासँग जोड्नुभएको थियो । सरकारले देशभर रहेको प्लास्टिकको मात्रा र व्यवस्थापनबारे गरिरहेको अध्ययनमा समेत आचार्य नेतृत्वदायी भूमिकामा हुनुहुन्छ।

आचार्यले प्लास्टिकमुक्त अभियानलाई निरन्तरता दिने जनाउनुभयो । आचार्य नेपाल खबरले गत वर्ष सार्वजनिक गरेको नेपालका ५० प्रभावशाली महिलाको सूचीमा समेत पर्नुभएको थियो। हिमाल सफाइ अभियानमा पुऱ्याएको योगदानबापत नेपाली सेनाबाट पनि उहाँ सम्मानित भइसक्नुभएको छ।

# तेह्र वर्षमा पनि पूरा भएन खानेपानी आयोजना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ मंसिर

जिल्लाको अन्नपूर्ण गाउँपालिकाको मुहानबाट पर्वतको जलजला गाउँपालिकाका तीन वडामा खानेपानी वितरण गर्ने उद्देश्यले १३ वर्षअघि निर्माण सुरु भएको खानेपानी आयोजनाले अझै पूर्णता पाएको छैन्।

जलजला म्याग्दीको सदरमुकाम बेनीबजारसँगै जोडिएको पर्वतको स्थानीय तह हो । जलजला-१ मलगाउँ, वडा नं २ को आरुबोट, वडा नं ५ को डाँडाकटेरी, बनमडे, लोप्रे, फलामेडाँडा, गैरीगाउँ, टिमुरबोट, अन्नेचौरका पाँच सय परिवारमा खानेपानी विस्तार गर्ने उद्देश्यले विसं २०६८ मा जलजला कुकुरचिहान खानेपानी आयोजना निर्माण सुरु भएको थियो । जलजला-५ का वडाध्यक्ष तिलकबहादुर जिसीले पर्याप्त बजेट व्यवस्थापन नहुँदा खानेपानी आयोजना निर्माण १३ वर्ष भइसक्दा पनि पूरा हुन नसकेको बताउनुभयो। "रु तीन करोड भन्दा बढी लागत अनुमान गरिएको योजनाका लागि वर्षमा रु दुईदेखि पाँच लाखका दरले बजेट आउँदा निर्माणले गति लिन नसकेको हो", उहाँले भन्नुभयो, "हालसम्म प्राप्त भएको रु ५० लाख खर्चेर वनमडे र लोप्रेका ६५ घरमा मात्र खानेपानी वितरण भएको छ।" सङ्घीयता कार्यान्वयन सुरु नहुँदै थालिएको योजना नयाँ संविधान जारी भएपछि प्रदेश सरकारमा हस्तान्तरण भएको थियो।

योजनाले निरन्तरता पाए पनि बजेट भने पर्याप्त नआएको कुकुरचिहान खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका सचिव समबहादुर तिलिजाले बताउनुभयो । "स्वच्छ खानेपानीको आशमा यहाँको स्थानीयले १३ वर्ष बिताएका छन्", उहाँले भन्नुभयो, "निर्माण गरेका इन्टेक, रिजर्भ ट्याङ्की र धारा पनि पानी नआउँदै जीर्ण भएका छन् ।" म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ मा पर्ने मोहरेडाँडाको फेदीमा रहेको कुकुरचिहान र लोप्रेको जङ्गलको मुहानको पानी सङ्कलन गरेर घरघरमा धारा बनाई वितरण गर्ने आयोजनाको लक्ष्य हो।

स्थानीयले पुरानो आयोजनाको सार्वजनिक धारा, व्यक्तिगत लगानीमा स्थानीय मुहानमा पाइपलाइन जोडेर कुवा र खोल्साको पानी उपभोग गर्दै आएका छन् । खानेपानीको असुविधा हुँदा दैनिकी प्रभावित भएको स्थानीय पूर्खपुर्जा पुनले बताउनुभयो । आयोजनाले समेटेको फलामेडाँडा पर्यटकीयस्थल पनि हो।

चालु आर्थिक वर्षमा तीन वटा शीर्षकमा सो आयोजनाका लागि रु दुई करोड १० लाख बजेट विनियोजन भएको छ । प्रदेश सरकारले जलजला कुकुरचिहान क्रमागत आयोजनालाई रु १० लाख विनियोजन गरेको छ। सङ्घीय खानेपानी मन्त्रालयले जलजला बृहत् खानेपानी आयोजना एक, पाँच र सात तथा बाँसखर्क कुकुरच्यान जलजला एकदेखि पाँचको शीर्षकमा रु एक/एक करोड विनियोजन गरेको छ।

गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले सङ्घीय र प्रदेश सरकारबाट प्राप्त बजेटलाई समन्वय गरेर दोहोरो नपर्ने गरी कार्यान्वयन हुने वातावरण बनाउने प्रतिबद्धता जनाउनुभयो । आयोजना कार्यालयकाका प्रमुख पदमबहादुर कुँवरले फरक-फरक आयोजना अनुसार काम र क्षेत्र बाँडफाँड गरेर निर्माण गरिने उल्लेख गर्नुभयो।

# निःशुल्क डायलाइसिस सेवाः मिर्गौला रोगीका लागि वरदान

जमुना वर्षा शर्मा
गण्डकी, १९ मंसिर/रासस

मिर्गौला रोगीहरूका लागि गण्डकी प्रदेश सरकारले प्रदान गरेको निःशुल्क डायलाइसिस सेवा वरदान साबित भएको छ। सरकारी प्रयासले महँगो र जटिल उपचार सर्वसाधारणको पहुँचमा पुऱ्याएपछि बिरामी लाभान्वित भएका हुन्।

पोखरा महानगरपालिका-१६ लामाचौरकी पूर्णकुमारी गुरुङलाई अब बाँच्ने आश जागेको छ। पोखरास्थित लेखनाथको सरुवा तथा सङ्क्रामक अस्पतालमा डायलासिसको उपचारत गुरुङलाई अहिले निःशुल्क उपचार सेवाले सहज भएको हो। ज्यामी काम गर्ने श्रीमानको कमाईले उपचार गर्न नसक्ने अवस्थामा पुग्नुभएकी गुरुङले यसअघि उपचारका लागि थुप्रै रकम ऋण गरेर खर्च गरिसकेको बताउनुभयो। "धेरै अस्पताल पुगियो उपचारमा थुप्रै रकम खर्च भइसक्यो, अब उपचार गर्न सकिँदैन भनेर आश मरेर बसेका बेला सरकारले निःशुल्क डायलासिसले सुविधा दिएपश्चात् बाँच्ने आशा जागेको हो", गुरुङले भन्नुभयो, "कति ऋण गरियो कति अलिअलि जोरजाम गरेको रकम थियो सबै सकियो, अहिले अलि अलि खर्च गर्न परे पनी ऋण खोज्न हिँड्नु परेको छैन।" सोही अस्पतालमा आमाको उपचारका लागि आउनुभएका पोखरा-१४ चाउथेका ट्याक्सी चालक राजकुमार खड्कीले पनि डायलिस सेवा निःशुल्क हुँदा धेरै सहज भएको बताउनुभयो। उहाँले भन्नुभयो, "उपचार निःशुल्क हुँदा ठूलो राहत मिलेको छ, दिनभर ट्याक्सी चलाउँछु, कहिले रु दुई-चार हजार, कहिले रु पाँच-सात सयमा चित्त बुझाउनु पर्छ, यस्तो कमाईले परिवार पाल्न र आमाको उपचार गर्न मलाई गाह्रो भएको थियो, अहिले सहज भएको छ।" खड्कीले २०७७ सालमा आमालाई मिर्गौलामा समस्या देखिएपछि विभिन्न अस्पतालमा उपचार गराउँदै आएको बताउनुभयो।

पोखरा-१३ बाँझापाटनका तारानाथ बराल अहिले डायलासिस उपचार गराइरहनुभएको छ। विगत पाँच वर्षदेखि मिर्गौलाको समस्या झेलिरहनुभएका बरालले निःशुल्क डायलासिस सेवा जनताको हितका लागि सरकारको सकारात्मक कदम भएको प्रतिक्रिया दिनुभयो। "आर्थिक अभावले डायलासिस गर्न नसक्नेका लागि यो वरदानजस्तै भएको छ, म सन्तुष्ट छु, म जस्तै अरु पनि लाभान्वित भएका छन्", ७१ वर्षीय बरालले भन्नुभयो।

विगत पाँच वर्षदेखि मिर्गौलाको समस्या खेपिरहनुभएका बराल पोखराको पृथ्वीनारायण क्याम्पसबाट प्रोफेसरको अवकाश प्राप्त व्यक्ति हुनुहुन्छ। बरालले पेन्सनकै भरमा काठमाडौँका विभिन्न अस्पतालमा डायलासिस गराउँदै आउनुभएको थियो। निकै महँगो उपचार पद्धतिले आजित हुनुभएका बराल निःशुल्क सेवाबाट लाभान्वित भएको बताउनुहुन्छ।

नियमित उपचार गरिहनुपर्ने र सर्वसाधरणको पहुँचभन्दा निकै महँगो उपचार मानिने मिर्गौला रोगलाई यो व्यवस्थाले वरदान सावित गरिदिएको गण्डकी प्रदेश सरकारका सचिव डा विनोद विन्दु शर्मा बताउनुहुन्छ। "यो निकै खर्चिलो र सर्वसाधारणको पहुँचा बाहिरको उपचार पद्धति हो, सरकारले डायलासिसलाई निःशुल्क गरेसँगै यसका बिरामी लाभान्वित भएका छन्", उहाँले भन्नुभयो। उहाँले गण्डकी प्रदेशको मनाङ र मुस्ताङ बाहेकका जिल्लामा डायलासिस सुविधा रहेको बताउनुभयो। गण्डकी प्रदेशमा हाल ४१ अस्पतालमा १६ डायलासिस युनिट सञ्चालनमा रहेका छन्। यी युनिटमार्फत एक हजार ८२ बिरामीले डायलासिस सेवा लिइरहेका छन्। तीमध्ये सात सय ८४ जना सक्रिय बिरामी रहेका छन्भने एक सय ३६ जना सेवा पर्खिरहेका छन्।

डायलासिस सेवाका लागि एक सय ७२ मेसिन उपलब्ध भए पनि एक सय ३७ मात्र सञ्चालनमा छन्। चौतीस मेसिन बिग्रिएको अवस्थामा छन्भने एक मात्र 'ब्याकअप मेसिन' छ। यस्तै, एक सय ५२ सञ्चालनयोग्य शय्या रहेका छन्। दक्ष जनशक्तिका हिसाबले डायलासिस सेवामा आठ नेफ्रोलोजिस्ट, नौ एमडिजिपी (तीन तालिम प्राप्त), २६ मेडिकल अफिसर (सात तालिम प्राप्त), एक सय १९ स्टाफ नर्स (८३ तालिम प्राप्त), १० बायोमेडिकल प्राविधिक (आठ तालिम प्राप्त) र ४० सहायक (२१ तालिम प्राप्त) कार्यरत छन्। शर्माका अनुसार एकजना बिरामीले प्रत्येक हप्ता दुईपटक डायलासिस गर्नुपर्छ। महिनामा आठदेखि केही बिरामीलाई १२ पटकसम्म गर्नुपर्ने हुन्छ। त्यसको महिनाको खर्च रु ८० हजारसम्म पर्न जान्छ।

गण्डकी प्रदेशमा सङ्क्रामक तथा सरुवा रोग अस्पताललाई सरकारी तालिम केन्द्रका रूपमा विकसित गर्दै डायलासिससम्बन्धी तालिम प्रदान गर्ने आफ्नै केन्द्र स्थापना गर्ने रणनीति अघि बढाइएको र यसले प्रदेश स्वास्थ्य सेवा सुधारमा ठूलो टेवा पुग्ने विश्वास लिइएको उहाँको भनाइ छ।

लेखनाथस्थित सङ्क्रामक तथा सरुवा रोग अस्पतालका कार्यकारी निर्देशक डा विकास गौचनले मिर्गौला बिरामी निःशुल्क उपचारबाट निकै लाभान्वित भएको बताउनुभयो। "यो महँगो उपचार पद्धति सरकारले निःशुल्क गरेदेखि बिरामीलाई राहत मिलेको छ", उहाँले भन्नुभयो। उहाँका अनुसार उक्त अस्पतालमा हाल २४ डायलासिस मेसिन र १७ शय्या उपलब्ध छन्। एकैपटक १६ मेसिनले सेवा दिनसक्ने व्यवस्था छभने बाँकी मेसिन 'ब्याकअप'का रूपमा राखिएका छन्। त्यसले सेवा निरन्तरता सुनिश्चित गर्न मद्दत गर्ने उहाँले बताउनुभयो। उक्त अस्पतालमा दैनिक औसत ३१ जना बिरामीले डायलासिस सेवा लिइरहेका छन्। अस्पतालमा हाल ८६ जना बिरामी सूचीकृत छन्भने गत महिनामात्रै ६ सय ३० पटक डायलासिस सेवा प्रदान गरिएको डा गौचनले जानकारी दिनुभयो। दक्ष जनशक्तिको अभावले सेवा विस्तारमा केही चुनौती खडा गरेको उहाँको भनाइ छ। उहाँले डायलासिस सेवा मात्र नभई मिर्गौला रोगको रोकथाम तथा सचेतनामा पनि सक्रिय रहेको बताउनुभयो। "जीवनशैली सुधार, नियमित स्वास्थ्य परीक्षण र उचित परामर्शले मिर्गौलासम्बन्धी समस्याबाट बच्न सकिन्छ भन्ने सन्देश हामीले जनमानसमा पुऱ्याउँदै आएका छौँ", गौचनले भन्नुभयो।

गण्डकी प्रदेशको स्वास्थ्य सेवासम्बन्धी जानकारीअनुसार प्रदेश सरकारले सन् २०२० देखि डायलासिस सेवा निःशुल्क उपलब्ध गराउने निर्णय गरेको थियो। मिर्गौला रोगबाट पीडित बिरामीको उपचार लागत घटाउनु र सर्वसाधारणलाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउनु यसको मुख्य उद्देश्य रहेको छ। पोखरा-३० स्थित सङ्क्रामक तथा सरुवा रोग अस्पतालमा २०७९ असार ९ गतेदेखि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा मिर्गौला प्रत्यारोपण सेवासमेत सुरु भएको छ। अहिलेसम्म १३ जनाको सफल मिर्गौला प्रत्यारोपण भइसकेको प्रतिष्ठानका सूचना अधिकारी सुशीलकुमार अर्यालले जानकारी दिनुभयो।

# संगम सहकारीको रक्तदान कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ मंसिर



पोखरा महानगरपालिका वडा नं १५ रामबजारमा रहेको संगम बचत तथा ऋण सहकारी संस्थाको रक्तदान तथा प्रेसर सुगर निशुल्क परिक्षण कार्यक्रम सम्पन्न गरेको छ।

उक्त रक्तदान कार्यक्रममा १८ जनाले रक्तदान गरेकामा ८ जना पहिलो पटक रक्तदान गर्ने रहेका र सुगर प्रेसर ८५ जनाले जाँच गराएका थिए। कार्यक्रमका प्रमुख अतिथि अल नेपाल होमीयोप्याथिक एशोसियसन गण्डकी प्रदेश समितिका अध्यक्ष तथा आरोग्यधाम होमियोप्याथिक हस्पिटलका संस्थापक डा. विष्णुप्रसाद चापागाईले रक्तदानको फाइदा बारे बताउँदै समय समयमा रगत परिक्षण गर्दै गर्नुपर्ने बताए। साथै उनले प्राकृतिक चिकित्सा पद्धतिबाट उपचार गर्दाका फाइदा बारेमा बताउँदै हामी जति प्रकृति नजिक रहेर जिवनयापन गर्न सक्छौं त्यति नै स्वस्थ दीर्घजीवन जिउन सकिने बताए। प्रादेशिक रक्तसंचार सेवाका वरिष्ठ प्राविधिक महेन्द्र केसी, पोखरा हस्पिटलका सुपरभाइजर बुद्ध गुरुङ, सहकारीका ब्यवस्थापक बृहस्पति अधिकारी, स्वतन्त्र पत्रकार संघ नेपाल कास्की शाखा अध्यक्ष कृष्ण रानाभाट, पुर्व प्रनानी पुष्पकमल श्रेष्ठ, संस्थाका कोषाध्यक्ष भरत बहादुर थापा, चौतारी आमा समुहकी अध्यक्ष मनु थापा लगायतले प्रमाण पत्र वितरण गरेका थिए। संगम बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष बुद्धिमान थापाको अध्यक्षतामा भएको कार्यक्रममा माछापुच्छ्रे टोलविकास संस्था (क) का अध्यक्ष तुलबहादुर गुरुङले स्वागत र संचालन शिक्षा उपसमिति संयोजक तिलक थापाले गरेका थिए।

# धौलागिरि अस्पतालमा दुई वर्षयता सात सय शल्यक्रिया

पोखरापत्र संवाददाता
बागलुङ, १९ मंसिर

धौलागिरि अस्पतालले पछिल्लो समय विशेषज्ञसहित विशिष्टिकृत सेवा दिन थालेको छ। धौलागिरि अस्पतालले दुई वर्षमा हाडजोर्नी तथा नशारोगसम्बन्धी सात सय सफल शल्यक्रिया गरेको हो।

धौलागिरि अस्पतालमै ठूलो र सानो हड्डी रोगसम्बन्धी शल्यक्रिया गर्दा अधिकांश बिरामीलाई राहत भएको छ। यसअघि पोखरा र काठमाडौँ जानुपर्ने बिरामी स्थानीयस्तरमा उपचार पाएपछि यही रोकिन थालेका छन्। अस्पतालमा दुईजना हाडजोर्नी तथा नशारोग विशेषज्ञ चिकित्सक कार्यरत हुनुहुन्छ। अस्पतालमा जटिल प्रकारका हड्डीको समेत प्रत्यारोपण गरिएको छ। बढ्दो सवारी दुर्घटनाका कारण हाडजोर्नीसम्बन्धी धेरै बिरामी अस्पतालमा आउन थालेका छन्। बिरामीले जिल्लामा सेवा पाउँदा खर्च र समय दुवैको बचत भएको प्रतिक्रिया दिएका छन्।

हड्डीरोग विशेषज्ञ डा प्रमेश थापा र डा समीर लामिछाने तथा एनेस्थेसियोलोजिस्ट डा अमित ढुङ्गानाको समूहले दुई वर्षमा सात सयवटा हाडजोर्नी तथा नशासम्बन्धी शल्यक्रिया गर्नुभएको अस्पतालका मेडिकल अधिकृत डा सन्दीप केसीले जानकारी दिनुभयो। "अस्पतालमा आउने बिरामीमध्ये ३० प्रतिशत हाडसम्बन्धी समस्या लिएर आउनुहुन्छ। दुई जना विशेषज्ञ चिकित्सकलाई हप्ताको तीन दिन शल्यक्रियाको समय छुट्याइएको छ", केसीले भन्नुभयो, "आधुनिक जीवनशैली र बढ्दो दुर्घटनाका कारण हाडजोर्नीसम्बन्धी समस्या बढ्दै गएका छन्, अस्पतालले छिमेकी जिल्लाका बिरामीलाई समेत सेवा दिएको छ।" अस्पतालमा 'हेमी हिप रिप्लेसमेन्ट', 'फिमर नेलिङ/प्लेटिङ' 'टिबिया नेलिङ/प्लेटिङ', 'ह्युमेरस', 'फोरआर्म' र 'क्लाभिकल प्लेटिङ' तथा 'एसी जोइन्ट पुनःनिर्माण' लगायत जटिल प्रकारका शल्यक्रियासमेत सम्पन्न गरिएको अस्पताल प्रशासनले जनाएको छ। अस्पतालमा प्रयाप्त उपकरण र दक्ष जनशक्तिका कारण लाखौँ खर्च लाग्ने शल्यक्रिया सरकारी अस्पतालमा सामान्य शुल्कमा भइरहेको छ।

अस्पतालले 'टेन्डन रिपेयर', हात र खुट्टाका सामान्य शल्यक्रिया पनि गर्दै आएको छ। दुई वर्षयता बागलुङमा भएका पाँच ठूला दुर्घटनाका घाइतेको उपचार गरिएको अस्पतालले जनाएको छ। मङ्सिर १७ गते मात्रै अस्पतालको हड्डीरोग विभागले १३ वर्षीय बालकको हड्डी भाँचिएको 'मिडियल इपिकन्डाइल फ्याक्चर फिक्सेसन' सफलतापूर्वक शल्यक्रिया सम्पन्न गरेको छ। मङ्सिर १७ गते चार वटा हड्डीसम्बन्धी शल्यक्रिया गरिएको थियो। अहिले अस्पतालमा हड्डी विभागमा बिरामीको चाप बढेको अस्पतालका तथ्याङ्क सङ्कलक नवराज शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार बिरामीको भीड लागेपछि हप्तामा तीन दिन हड्डीको शल्यक्रिया गर्न थालिएको छ, भने अन्य समयमा बहिरङ्ग (ओपिडी) मा सेवा दिने गरिएको छ। हप्ताको सोमबार, बुधबार र शुक्रबार हड्डीको शल्यक्रिया गरिने शर्माले बताउनुभयो। हड्डीसम्बन्धी समस्या लिएर ओपिडीमा दैनिक एक सयदेखि एक सय ५० जना बिरामी आउने गरेका उहाँले जानकारी दिनुभयो। धौलागिरि अस्पतालमा गलकोट, बुर्तिबाङ, पर्वत, बेनी, मुस्ताङ, रुकुम, रोल्पालगायत क्षेत्रबाट हड्डीसम्बन्धी समस्या लिएर बिरामी आउने गरेका छन्। धौलागिरि अस्पतालका मेडिकल अधिकृत डा सन्दिप केसीले अस्पतालमा हड्डीरोगसम्बन्धी जटिल प्रकारका शल्यक्रिया हुन थालेपछि थप उपकरण र जनशक्तिको आवश्यकता देखिएको बताउनुभयो। आगामी दिनमा सरोकार भएका निकायसँग समन्वय गरी जनशक्ति व्यवस्थापन र सेवा विस्तार गर्दै जाने उहाँको भनाइ छ।

# जङ्गलमा गाडिएको अवस्थामा युवतीको शव फेला

पोखरापत्र संवाददाता
गोरखा, १९ मंसिर

चार दिनदेखि सम्पर्कविहीन भएकी यहाँको बारपाक सुलिकोट गाउँपालिका-१, बारपाककी एक युवतीको आज शव फेला परेको छ।

यही मङ्सिर १५ गते शनिबार घाँस काट्न भनेर जङ्गल गएकी १८ वर्षीया सुचिना घलेको शव गाडिएको अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदीले जानकारी दिनुभयो। जङ्गलबाट सुचिना घर नफर्किएपछि परिवारले खोजीका लागि प्रहरीलाई जानकारी गराएको थियो। प्रहरी चौकी बारपाक र इलाका प्रहरी कार्यालय जौवारीबाट खटिएको प्रहरीले खोजतलासका क्रममा स्थानीय मैखर्कको जङ्गलमा खाल्डोमा पुरिएको अवस्थामा सुचिनाको शव फेला पारेको प्रनाउ सुवेदीले बताउनुभयो। युवतीको हत्या भएको अनुमान गरिएको छ। गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरासँग समन्वय गरी कुकुरसहितको विशेषज्ञ टोली अनुसन्धानका लागि घटनास्थलमा आजै पुगिसकेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक वासुदेव पाठकले जानकारी दिनुभयो।

घटनास्थलमा जिप्रका गोरखाबाट डिएसपीको नेतृत्वमा प्रहरी टोली परिचालन गरिएको छ। घटनास्थल नजिकै डोको, रगत र कपालसमेत भेटिएको प्रहरीको भनाइ छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## भीरकोट नगरपालिका
## नगर कार्यपालिकको कार्यालय
**वयरघारी, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

## साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको सूचना।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८११८/२०**

भीरकोट नगरपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैरसरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरेको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०८१/०८२ देखि शुरु हुने गरी बहुवर्षिय /सालवसालीरुपमा कृषि तथा पशु विकासमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।



## कृषि क्षेत्र बिस्तार गरी निर्माण सामग्री उत्खनन् तथा संकलन कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीका लागि सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२०)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३३ मा कृषि क्षेत्र बिस्तार गरी निर्माण सामग्री उत्खन्न तथा संकलन कार्य गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | जग्गा धनीको नामः प्रेम पहारी<br>गण्डकी प्रदेश, कास्की, पोखरा महानगरपालिका, वडा नं.३३ |
| प्रस्तावको ब्यहोरा | पोखरा महानगरपालिका, वडा नं. ३३, कास्की जिल्ला, गण्डकी प्रदेशमा कृषि क्षेत्र बिस्तार गरी निर्माण सामग्री उत्खन्न तथा संकलन कार्य गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | कास्की जिल्लाको पोखरा महानगरपालिका, वडा नं.३३ |
| कित्ता नं. | कित्ता नं. ११३७, ११३५ को कुल २५ रोपनि जग्गा मध्ये १६ रोपनीबाट उत्खनन गरिने |

उपरोक्त प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**
**१. श्री पोखरा महानगरपालिका, वडा नं. ३३ को कार्यालय, फोन नं. ९८५६००३०३३**
**२. श्री ग्रिन हेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., बानेश्वर, काठमाडौ, फोन नं.: ९८४६४०४११८, इमेलः www.gheec.com.np**